# शहीदनगर नगरपालिका
**Shahidnagar Municipality**
# नगर कार्यपालिकाको कार्यालय
# Office of the Municipal Executive
यदुकूहा, धनुषा, नेपाल
Yadukuha, Dhanusha, Nepal
मधेश प्रदेश (Madhesh Pradesh)

## नगर प्रहरी करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना
**प्रथम पटक प्रकाशित मितिः- २०८२।१०।०४**

प्रस्तुत विषयमा यस शहीदनगर नगरपालिकाको लागि आवश्यक नगर प्रहरी जवान पद करारमा पदपूर्ति गर्नुपर्ने भएकोले निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ।

तपशिलः-

| सि.नं. | विज्ञापन नं. | पद | माग पद संख्या जम्मा | तह | विज्ञापनको किसिम | माग संख्या | कै. |
|---|---|---|---|---|---|---|---|
| १ | ०१।०८२।०८३ | न. प्र. स. नि. | १ | ४ तह | खुल्ला | १ | |
| २ | ०२।०८२।०८३ | नगर प्रहरी जवान | ८ | २ तह | खुल्ला | ८ | |

१. आवश्यक न्यूनतम योग्यता र अनुभवः-नगर प्रहरी जवान पदपूर्तिका लागि गरिएको विज्ञापनमा देहायको न्यूनतम योग्यता पुगेको नेपाली नागरिक उम्मेदवार हुन सक्नेछः
   - क. न्यूनतम शैक्षिक योग्यताः न. प्र. स. नि. को लागि नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट +२ पास र नगर प्रहरी जवानको लागि नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा SLC/SEE वा सो सरह कक्षा उतीर्ण गरेको।
   - ख. उमेरः पुरुषको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।
   - ग. भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको,
   - घ. नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतवाट कसूरदार नठहरिएको।
   - ङ. मानवअधिकार र मानवीय कानूनको उलंघनमा सजाय नपाएको।
   - च. महिलाहरुको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ इन्च उचाई भएको।
   - छ. छाती नफुलाउँदा घटीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको।
   - ज. आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको।
   - झ. अनुभव र सिपः नगर प्रहरी जवानका लागि देहायका अनुभव र सीप भएकालाई प्राथमिकता दिइनेछ।
     - नेपाल प्रहरी वा नेपाली सेनामा काम गरेको र आधारभूत तालिम हासिल गरेको,
     - कुनै पनि सरकारी वा सरकारी स्वामित्व भएका संस्था / कार्यालयमा काम गरेको अनुभव भएको।

२. दरखास्त दिने स्थानः शहीदनगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय यदुकूहा, धनुषा।

३. दरखास्त दिने अन्तिम मितिः २०८२।१०।०४ गते देखी २०८२।१०।१८ गते सम्म र त्यो दिन विदा भएमा त्यसको भोलिपल्ट सम्म रहनेछ।

४. आवेदनको दस्तुरः रु ५००।-रा.बा. बैंक को खाता नं. १२२०१००३०१०१००१० मा जम्मा गरेको भौचर दरखास्त फारममा पेश गर्नु पर्नेछ।

५. छनौटको किसिमः- प्रारम्भिक योग्यताको सूची प्रकाशन, प्रयोगात्मक (शारीरीक परिक्षण), लिखित र अन्तर्वार्ता।

६. आवेदनसाथ संलग्न कागजातहरुः आवेदक स्वयंमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु
   - नगरिकताको प्रतिलिपि २ प्रति, पासपोर्ट साइजको फोटो २ प्रति
   - न्यूनतम योग्यताको लब्धाक पत्र, चारित्रिक प्रमाणपत्र र अनुभव खुल्ने कागजात, आँखा जाँचको प्रमाण पत्र।

७. सेवा सुविधाः नगरकार्यपालिकाले तोकेबमोजिम हुनेछ।

८. पदले सम्पादन गर्नु पर्ने कार्यविवरणः न.पा. को सम्पति सुरक्षा, न्यायिक समिति निर्णय कार्यान्वयन, नगरमा शान्ति सुरक्षा बहाली र न.पा. ले लाए अह्राएको अन्य कार्यहरु।

९. म्याद नाघी र रीत नपुगी आएको निवेदन माथि कार्यवाही गरिने छैन।

१०. नोटः आवेदनको ढाँचा लगायत अन्य जानकारी website-shahidnagarmun.gov.np मा उपलब्ध छ।

प्रमुख प्रशासकीय अधिकृत

अनिल कुमार भ...
प्रमुख प्रशासकिय अधि...



CamScanner